# काठमाडौं जिल्ला अन्तर्गतका सवै स्थानीय तहहरुले गत आ.व. २०७४/०७५ मा सम्पादन गरेका कार्यहरुको वार्षिक प्रगति समीक्षा कार्यक्रमको प्रतिवेदन

## प्रतिवेदन- २०७५, असोज २










**जिल्ला समन्वय समितिको कार्यालय**
**बबरमहल, काठमाडौं**

# काठमाडौं जिल्लाका स्थानीय तहहरुबाट गत आ.व. २०७४/०७५ मा सम्पादन भएका कार्यहरुको वार्षिक प्रगति समीक्षा

१. **पृष्ठभूमि :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ (ञ) मा जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने भन्ने व्यवस्था भए वमोजिम काठमाडौं जिल्लामा रहेका स्थानीय तहहरूबाट गत आ.व. २०७४/०७५ मा सम्पादित कार्यहरूको वार्षिक प्रगति समीक्षा कार्यक्रम आयोजना गर्नुपर्ने व्यवस्था रहेको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट चालु आ.व.मा उल्लेखित कार्यक्रमका लागि रू. ३ लाख वजेट अख्तियारी प्राप्त भए वमोजिम वार्षिक प्रगति समीक्षा कार्यक्रम आयोजना गरिएको थियो ।

२. **उद्देश्य :**

काठमाडौं जिल्लाका सवै स्थानीय तहहरूबाट गत आ.व. २०७४/०७५ मा मा संचालित विकास निर्माण एवं सेवा प्रवाहका सम्वन्धमा समीक्षा गरी आगामी दिनमा सेवा प्रवाह र स्थानीय तहबाट हुने विकास निर्माणका कार्यलाई दीगो र परिणाममुखी वनाउन पृष्ठपोषण उपलव्ध गराउनु ।

३. **सहभागीहरू :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ (ञ) मा उल्लेख भए वमोजिमका जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरू र सवै स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतहरू, जि.स.स. पदाधिकारीहरू एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सहसचिव श्री सुरेश अधिकारी र सहसचिव श्री रूद्रसिं तामाङ्गको उपस्थिति रहेको थियो भने कार्यक्रममा केही नगरपालिकहरूबाट प्राविधिक सहयोगका लागि सूचना प्रविधि विज्ञहरूको समेत उपस्थिति रहेको थियो । सवै सहभागीहरूको उपस्थिति अनुसूचीमा उल्लेख गरिएको छ ।

## ४. कार्यक्रमको मिति, समय र स्थान

**कार्यक्रम :**
मिति : २०७५/०६/०२ गते मंगलवार
समय : विहान ८.०० वजेदेखि ५.०० वजेसम्म
स्थान : Hotel Yellow Pagoda
जमल, काठमाडौं ।

## ५) कार्यक्रम संचालन तालिका

कार्यक्रम देहाय वमोजिम संचालन भई सवै नगरपालिकाहरुबाट आ-आफ्नो प्रस्तुतीकरण गरिएको थियो ।

**कार्यक्रम संचालक : दिपक कुमार के.सी., वरिष्ठ अधिकृत**

**उद्घाटन सत्र :**

| समय | कार्यक्रम | कैफियत |
|---|---|---|
| ८.००-९.०० | विहानको नास्ता | |
| ९.०० | कार्यक्रम शुभारम्भ | |
| ९.००-९.१५ | अध्यक्षता : जि.स.स. प्रमुख श्री शिवसुन्दर राजवैद्यज्यू<br>प्रमुख अतिथि माननीय पूर्व प्रधानमन्त्री एवं प्रतिनिधि सभा सदस्य श्री माधव कुमार नेपालज्यू,<br>माननीय प्रतिनिधि सभाका सांसदज्यूहरु<br>माननीय प्रदेश सभाका सांसदज्यूहरु<br>का.वा. महानगर प्रमुख श्री हरिप्रभा खड्गी (श्रेष्ठ)ज्यू<br>वि.अतिथि : श्रीमान् प्रमुख जिल्ला अधिकारी राम प्रसाद आचार्यज्यू<br>वि.अतिथि : सहसचिव श्री सुरेश अधिकारीज्यू, सं.मा.तथा सा.प्र.म.<br>वि.अतिथि : सहसचिव श्री रुद्रसिंङ्ग तामाङ्गज्यू, सं.मा.तथा सा.प्र.म.<br>जि.स.स. उपप्रमुख श्री सरिता दाहालज्यू<br>नगरपालिकाका प्रमुखज्यूहरु<br>नगरपालिकाका उपप्रमुखज्यूहरु<br>नि.प्रमुख प्रशासकिय अधिकृत डा. श्री टोकराज पाण्डेज्यू<br>नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यूहरु<br>जि.स.स. सदस्यज्यूहरु<br>महानगर/नगरपालिका अन्य सहभागीज्यूहरु<br>संचारकर्मीज्यूहरु<br>कर्मचारीहरु | |
| ९.१५-९.२० | राष्ट्रिय गान | |
| ९.२०-९.२५ | स्वागत मन्तव्य : प्रमुख श्री शिवसुन्दर राजवैद्य, जि.स.स. | |
| ९.२५-९.३० | कार्यक्रमको समुदघाटन : प्रमुख अतिथिज्यूबाट पानसमा दिप प्रज्वलित गरी | |
| १०.३०-५.०० | कार्यक्रमको प्रस्तुतीकरण | |
| | १) जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं | जि.स.अ. श्री पीताम्वर अधिकारी |
| | २) नागार्जुन नगरपालिका | प्र.प्र.अ. कृष्ण प्रसाद सापकोटा |
| | ३) शंखरापुर नगरपालिका | प्र.प्र.अ. श्री प्रमोद सिंखडा |
| | ४) कागेश्वरी मनोहरा नगरपालिका | शा.अ. चिरन्जीवी नेपाल |
| | **प्रमुख अतिथि माननीय माधव कुमार नेपाल** | **मन्तव्य** |

| समय | कार्यक्रम | कैफियत |
|---|---|---|
| | ५) तारकेश्वर नगरपालिका | प्र.प्र.अ. श्री हिरामणि सुवेदी |
| | ६) चन्द्रागिरी नगरपालिका | प्र.प्र.अ. श्री युवराज पौडेल |
| | टिपोटकर्ता सहसचिव श्री रुद्रसिं तामाङ्ग | प्रस्तुतिमाथि टिप्पणी |
| | दिवा खाना | |
| | ७) कीर्तिपुर नगरपालिका | उपप्रमुख श्री सरस्वती खड्का |
| | **वि.अतिथि माननीय राजन कुमार के.सी.** | **मन्तव्य** |
| | ८) दक्षिणकाली नगरपालिका | प्र.प्र.अ. श्री सुशिला पौडे ढकाल |
| | ९) गोकर्णेश्वर नगरपालिका | प्र.प्र.अ. श्री दिपक कोईराला |
| | १०) टोखा नगरपालिका | प्र.प्र.अ. श्री कृष्ण प्रसाद सुवेदी |
| | ११) वुढानीलकण्ठ नगरपालिका | प्र.प्र.अ. श्री प्रदिप पौडेल |
| | १२) काठमाडौं महानगरपालिका | उपसचिव श्री गोपाल प्रसाद पोखरेल |
| | टिपोटकर्ता सहसचिव श्री सुरेश अधिकारी | प्रस्तुतीकरण माथि टिप्पणी |
| | सहभागीहरुकोतर्फबाट उपप्रमुख श्री वसन्ती डंगोल तामाङ्ग, द.नपा. | मन्तव्य |
| | सहभागीहरुकोतर्फबाट प्रमुख श्री उद्धव खरेल, वु.न.पा. | मन्तव्य |
| | वि.अतिथि माननीय कृष्णराई | मन्तव्य |
| | धन्यवाद सहित कार्यक्रमको समापनः उपप्रमुख श्री सरिता दाहाल | |

## ६) प्रतिवेदन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ (ञ) वमोजिम यस जिल्ला अन्तर्गतका सवै स्थानीय तहहरुले गत आ.व. २०७४/०७५ को वार्षिक कार्यक्रमको विषयमा जिल्ला समन्वय समिति काठमाडौंका प्रमुख श्री शिवसुन्दर राजवैद्को सभापतित्व र माननीय पूर्वप्रधान मन्त्री एवं प्रतिनिधि सभाका सदस्य माधव कुमार नेपालको प्रमुख आतिथ्यतामा मिति २०७५ असोज २ गते भौतिक तथा वित्तिय प्रगतिको समीक्षा सम्पन्न भएको थियो। प्रगति विवरणको लागि सवै स्थानीय तहहरुको एकरुपता कायम गर्न जि.स.स.ले सवै स्थानीय तहहरुलाई Template उपलव्ध गराएको थियो । सोही फर्म्याटमा आधारित भएर सवै नगरपालिकाहरुले प्रस्तुतिकरण गरेका थिए ।

उक्त कार्यक्रममा काठमाडौं जिल्लाबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदहरु, काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी, महानगरपालिका र सवै नगरपालिकाका प्रमुखरउप-प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिवहरु र संचारकर्मी लगायत सरोकारवालाहरुको उपस्थिती रहेको थियो। कार्यक्रममा काठमाडौं जिल्लाका १० वटै नगरपालिका, काठमाडौं महानगरपालिका र जिल्ला समन्वय समितिको आ.व. २०७४/०७५ आ-आफ्नो वार्षिक प्रगति विवरण प्रस्तुत भएको थियो ।

प्रमुख अतिथि पूर्व प्रधानमन्त्री एवं प्रतिनिधि सभा सदस्य माधव कुमार नेपालले विकासमा दुरदृष्टिको अभाव रहेकोले प्रत्येक न.पा. र सिंगो जिल्लाको अल्पकालिन र दीर्घकालिन गुरुयोजना वनाई सोही अनुसार कार्य गर्न र नगरपालिकाहरुले भौतिक पूर्वाधार विकास गर्दा स्थानीय मौलिकता र सान्दर्भिकता झल्कने एवं स्थानीय आवश्यकता पहिचान गरी विकासका मूल्य, मान्यता र सूचकहरु निर्धारण गरी कार्यगर्न जोड दिनु भएको थियो साथै सामाजिक विकासका लक्ष्यहरु प्राप्त गरी दीगो विकास हासिल गर्न नगरपालिकाहरुको ध्यान केन्द्रित हुनुपर्ने वताउनु भएको थियो ।

कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री सुरेश अधिकारीले गत आ.व. २०७४/०७५ स्थानीय तहको आधार वर्षको रुपमा रहेको र नगरपालिकाबाट सम्पादन गरिएका भौतिक एवं वित्तिय कार्यहरु सन्तोषजनक रहेको पाइएको र आगामी वर्षमा यसको प्रभावकारितामा अझ वृद्धि गर्नका

लागि नगरपालिकाहरुले दीर्घकालिन महत्वका योजनाहरु छनौट गरी कार्यान्वयन प्रभावकारिता ल्याउन जोड दिनुका साथै नगरपालिकाहरुको भौतिक संरचनाहरुको निर्माण र संस्थागत विकासको लागि मन्त्रालयले आवश्यक सवै किसिमको सहयोग र सहजीकरण गर्ने वताउनु भएको थियो । सो अवसरमा मन्त्रालयका सहसचिव रुद्रसिं तामाङ्गले स्थानीय सरकार संचालन ऐन वमोजिम कार्यपालिका र व्यवस्थापकीय विधिबाट स्थानीय तहहरुले कार्यसम्पादन गर्ने व्यवस्थालाई अवलम्वन गर्न नगरपालिकाहरुलाई आग्रह गर्नुका साथै नगरपालिकाको प्रोफाईल तयार गरी वित्तिय तथा भौतिक लक्ष्य प्राप्तिका लागि तादाम्यता कायम गर्न विशेष जोड दिनु भएको थियो । साथै जि.स.स. काठमाडौंले संवैधानिक व्यवस्था वमोजिम स्थानीय तहहरुको नीतिगत अनुगमन र एकरुपताका लागि आयोजना गरेको यस्ता कार्यक्रमको महत्वपूर्ण भूमिका हुने उल्लेख गर्दै अन्य जिल्लाले पनि यस प्रकारका कार्यक्रमको अनुशरण गर्नुपर्ने वताउनु भएको थियो ।

उक्त कार्यक्रमको अवसरमा प्रतिनिधि सभामा काठमाडौंको निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधित्व गर्नुहुने माननीय सांसद कृष्णराईले विकासमा नीतिगत प्रस्थान गरी विकास प्रक्रियालाई अगाडि वढाउनु पर्ने र आ-आफ्नो नगरको अल्पकालिन र दीर्घकालिन योजनाको निर्धारण गरी अगाडि वढ्न सुझाव दिनु भयो । भने निर्वाचन क्षेत्र नं. १० का माननीय सांसद राजेन्द्र कुमार के.सी.ले स्थानीय समस्याको पहिचान गरी दिगो पूर्वाधार विकासमा जोड दिनुका साथै श्रमलाई उत्पादनसंग आवद्ध गरी आर्थिक समृद्धि हासिल गर्न सकिने वताउनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुकोतर्फबाट दक्षिणकाली नगरपालिकाका उपप्रमुख श्री वसन्ती डंगोल तामाङ्ग र बूढानीलकण्ठ नगरपालिकाका प्रमुख श्री उद्धव खरेलले नगरपालिकाको विकास निर्माणमा योजनावद्ध खाका वनाई कार्यान्वयनमा प्रभावकारिता ल्याउन एवं आपसमा नगरपालिकाहरु विच समन्वय गरी नमूना कार्यहरु गर्न जोड दिनु भएको थियो ।

कार्यक्रममा जि.स.स. प्रमुख श्री शिवसुन्दर राजवैद्यले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुका साथै जिल्ला समन्वय समितिलाई संविधान प्रद्धत कार्य गर्न आवश्यक पर्ने न्यूनतम स्रोत साधन उपलव्ध गराई स्थानीय तहहरु विच समन्वय र सहजीकरण गर्ने कार्यलाई थप व्यवस्थित वनाउन संघीय सरकारबाट आवश्यक व्यवस्था हुन अनुरोध गर्नु भएको थियो भने उपप्रमुख श्री सरिता दाहालले सहभागीहरुलाई धन्यवाद दिनु हुँदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

**७) कार्यक्रममा उठेका मुख्य मुख्य सवालहरू :**

- नगरपालिकाको प्रशासनिक भवन तथा वडा कार्यालयहरू व्यवस्थित नहुंदा प्रभावकारी रूपमा सेवा प्रवाह हुन नसकेकोले भवन निर्माण कार्य अविलम्व शुरू गरी कार्यालय व्यवस्थापन र सेवा प्रवाहको सुदृढीकरणमा जोड दिनुपर्ने ।
- केन्द्रीय मातहतका सडकहरू समय मै मर्मत संभार र स्तरोन्नती नहुंदा समस्या भएकोले संघीय सरकारले आवश्यक प्रवन्ध गर्नुपर्ने ।
- फोहरमैला व्यवस्थापनमा जटिलता रहेको ।
- राजश्व अभिबृद्धि गरी आत्मनिर्भर वन्नुपर्ने ।
- जनताको अपेक्षा अनुसार सेवा प्रवाहमा कठिनाई भएको ।
- सार्वजनिक स्थलहरूमा शौचालयको पर्याप्त व्यवस्था हुन नसक्नु ।
- सडक, ढल, खानेपानी जस्ता आधारभूत र स्थानीय पूर्वाधारहरूको अभाव रहेको ।
- अन्तर निकाय समन्वयको प्रभावकारी व्यवस्था मिलाउनु पर्ने ।
- नगर Profile तयार तथा अद्यावधिक र एकीकृत विकास योजना तयार गर्नुपर्ने ।
- भवन निर्माण संहिताको पूर्ण पालना गर्ने गराउने र नक्सापास प्रणालीमा एकरूपता ल्याई सरलीकृत एवं व्यवस्थित गर्नुपर्ने ।

- जिल्लाको सवै स्थानीय तहहरूको करका दरहरूमा एकरूपता कायम गर्न जि.स.स.ले आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने ।
- नगरपालिकाहरूको आन्तरिक स्रोतमा वढोत्तरी गर्न करका दरमा भन्दा दायरा विस्तारमा ध्यान दिनुपर्ने ।

८) **केन्द्र तथा प्रदेशसंगको अपेक्षाहरू :**

- प्रशासनिक भवन निर्माणको लागि केन्द्रबाट आवश्यक स्रोत, साधन र आवश्यक प्राविधिक परामर्श उपलव्ध गराउनु पर्ने ।
- ठूला भौतिक पूर्वाधार निर्माणका योजनाहरूको DPR लगायतका कार्यहरूमा संघ र प्रदेशबाट प्राविधिक सहयोग हुनुपर्ने ।
- पर्याप्त जनशक्तिहरूको अविलम्व व्यवस्था हुनुपर्ने । दरवन्दी अनुसार अन्य कर्मचारीको समायोजन छिटो गर्नुपर्ने ।
- संघीय ऐन वमोजिम स्थानीय तहहरूलाई प्रदान गरिएका अधिकारहरू कार्यान्वयनमा सहजता हुनुपर्ने ।
- प्रदेशले दिनुपर्ने करका दर, मापदण्ड, प्रक्रिया, कार्यविधि छिट्टो उपलव्ध गराउनुपर्ने ।
- स्थानीय तहहरूलाई उपलव्ध गराउन आवश्यक अन्य नमूना कानूनहरू छिट्टो उपलव्ध गराई कानून निर्माणमा सहजीकरण हुनुपर्ने ।
- प्रदेश र स्थानीय तहहरू विच अधिकार र जिम्मेवारीको स्पष्टता हुनुपर्ने ।
- स्थानीय तहहरूको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनको लागि कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा तालिम कार्यक्रम संचालन हुनुपर्ने ।

-समाप्त-

# अनुसूची १

## तालिम कार्यक्रमका सहभागीहरुको विवरण

# अनुसूची २

## स्थानीय तहहरुलाई प्रगति विवरणका लागि गरिएको परिपत्र

**जिल्ला समन्वय समितिको कार्यालय**
**काठमाडौं ।**

०१-४२५४१०४
०१-४२५४१०६
०१-४२५४६९७
Fax: ४२५३९९६

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्या :- २०७५/०७६
चलानी नं.:- २४८

मिति :.....२०७५/०५/२०....

**विषयः-** वार्षिक प्रगति समीक्षा सम्वन्धमा ।

श्री काठमाडौं महानगरपालिका
श्री कीर्तिपुर नगरपालिका
श्री शंखरापुर नगरपालिका
श्री कागेश्वरी मनोहरा नगरपालिका
श्री गोकर्णेश्वर नगरपालिका
श्री वूढानीलकण्ठ नगरपालिका
श्री टोखा नगरपालिका
श्री तारकेश्वर नगरपालिका
श्री नागार्जुन नगरपालिका
श्री चन्द्रागिरी नगरपालिका
श्री दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं ।

उपरोक्त सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस कार्यालयलाई प्राप्त अख्तियारी/कार्यक्रम वमोजिम काठमाडौं जिल्लाका महानगर/नगरपालिकाहरुबाट गत आ.व. २०७४/०७५ मा सम्पादन भएका कार्यहरुको वार्षिक प्रगति समीक्षा गोष्ठी २०७५ असोज २ गते विहान ८.०० वजे देखि सांझ ५.०० वजेसम्म संचालन हुने भएकोले तहाँबाट गत आ.व.मा सम्पादित कृयाकलापहरुको यसैपत्रसाथ संलग्न प्रस्तुतिकरणको ढांचामा प्रगति तयार गरी मिति २०७५ भाद्र ३१ गते भित्र यस कार्यालयको ईमेल ddckathmadnu@gmail.com मा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ । प्राप्त ईमेलको आधारमा गोष्ठीमा प्रस्तुतिकरणको प्राथमिकता तोकिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

नोट :
१) प्रस्तुतिकरणको ढांचामा कुनै सुझाव भए यथाशिघ्र उपलव्ध गराईदिनु हुन ।
२) उल्लेखित प्रस्तुतिकरणको ढांचा जि.स.स.को वेवसाईट www.ddcktm.gov.np मा समेत राखिएको छ ।
३) प्रगति समीक्षा हुने स्थान पछि जानकारी गराईनेछ ।
४) प्रस्तुतिकरणको समय १५ मिनेट हुनेछ । प्रत्येक प्रस्तुतिकरण पछि ५ मिनेट प्रश्नोत्तरको समय निर्धारण गरिनेछ ।

(पीताम्वर अधिकारी)
जिल्ला समन्वय अधिकारी

Fax: 01-4253996, www.ddcktm.gov.np, ddckathmandu@gmail.com/info@ddcktm.gov.np, www.facebook.com/hellodccktm
टोल फ्रि नम्बरः १६६००११११९३ : जिल्ला समन्वय समितिसँग सम्बन्धित सुझाव/गुनासो/उजुरी भए यो निःशुल्क टोल फ्रि नम्बर मार्फत गर्न सकिनेछ ।

# अनुसूची ३
## स्थानीय तहहरुले समीक्षा कार्यक्रममा प्रस्तुत गरेका प्रस्तुतीकरणहरु

# अनुसूची ४

# कार्यक्रमका झलकहरु